नेपाली राजदूतावास
EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

## गैर आवासीय नेपालीवाट नेपालमा बैंक खाता खोली रकम जम्मा गर्न सकिने सम्बन्धी सूचना ।

गैर आवासीय नेपालीहरु तथा गैर आवासीय नेपालीवाट प्रवर्द्धित विदेशस्थित संस्थाले नेपालमा विदेशी मुद्रा (अमेरिकी डलर, युरो, पाउण्ड स्टर्लिङ, अष्ट्रेलियन डलर, क्यानेडीयन डलर, जापानीज येन र चीनियाँ युआन) मा नेपालमा **मुद्दति तथा बचत खाता** खोली रकम जम्मा गर्न सक्ने र रकम फिर्ता लैजान सक्ने गरी नेपाल राष्ट्र बैंकले मिति २०७८।११।१८ मा देहाय अनुसार थप निर्णय गरेको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### (क) मुद्दती निक्षेप सम्बन्धी व्यवस्थाः

नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र प्राप्त "क" वर्गका बाणिज्य बैंक (सूचि संलग्न), राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु (सूचि संलग्न) मा देहायका शर्तहरु पालना हुने गरी परिवर्त्य विदेशी मुद्रामा मुद्दति निक्षेप जम्मा गर्न र फिर्ता ल्याउन सकिने व्यवस्था भएकोले आफूलाई अनुकुल हुने तोकिएका बैंकमा सम्पर्क गरी विदेशी मुद्रामा खाता खोल्न सकिनेछः

**शर्तहरुः**

१. विदेशी मुद्रामा मुद्दति निक्षेपको अवधि कम्तिमा १ बर्षको हुनुपर्ने।
२. यस प्रकारको खातामा विदेशी संस्थाहरु (बित्तीय संस्थाहरु समेत) तथा गैर आवासीय नेपालीहरु सहभागी हुन सक्ने।
३. दुई वा दुई भन्दा बढी बिदेशी संस्थाहरु वा गैर आवासीय नेपालीहरुको नाममा संयुक्त रुपमा समेत यस प्रकारको खाता खोल्न सकिने।
४. गैर आवासीय नेपालीको नाममा खाता खोल्दा तथा सञ्चालन गर्दा देहाय वमोवजिमका कुनै एक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेः
   - क. नेपाल सरकारको सम्बन्धित निकायवाट जारी भएको गैर आवासीय नेपालीको अद्यावधिक परिचय पत्र,
   - ख. गैर आवासीय नेपाली संघवाट जारी भएको अद्यावधिक परिचय पत्र र सम्बन्धित व्यक्तिको राहदानी (स्वदेशी वा विदेशी)
   - ग. साविकमा स्वयं वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात,

     माथि (क), (ख) वा (ग) मा उल्लेखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नावालकको नाममा समेत यस्तो खाता खोल्न वा सञ्चालन गर्न सकिनेछ।

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org

५. संस्थागत बिदेशी निक्षेपकर्ताको हकमा यस प्रकारको खाता खोल्दा संस्थाको सञ्चालक समितिले खाता खोल्ने सम्बन्धमा गरेको निर्णय समेत संलग्न गर्नु पर्ने।

६. यस प्रकारको खाता अमेरिकी डलर, यूरो, पाउण्ड स्टर्लिङ, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, जापानिज येन र चीनियाँ युआन मध्ये कुनै एक विदेशी मुद्रामा खोल्न सकिने।

७. मुद्दती निक्षेप खाताको ब्याज प्रदान गर्ने प्रयोजनका लागि मात्र सम्बन्धित मुद्दती निक्षेपकर्ताको नाममा सोही मुद्रामा बचत खाता खोल्न सकिने।

८. सावाँ तथा ब्याजको रकम निक्षेपकर्ताले निक्षेप जम्मा गरेकै मुद्रामा जुन देशवाट निक्षेपको रकम प्राप्त भएको हो, सोही देशमा निक्षेपकर्ताको नाममा खोलिएको खातामा मात्र फिर्ता भुक्तानी पठाईने। तर यस ब्यवस्थाले विदेशी मुद्रा खाता खर्च गरी नेपाली रुपैयाँमा भुक्तानी वा रकमान्तर गर्न बाधा नपर्ने।

९. मुद्दती निक्षेपमा पाकेको ब्याज सम्बन्धित वाणिज्य बैंकको नियमानुसार प्रदान गरिने। साँवाको हकमा भुक्तानी अवधि समाप्त भएपछि मात्र फिर्ता हुने। तर एक वर्ष भन्दा बढी अवधिको मुद्दती निक्षेप एक बर्ष अवधि व्यतीत भएपछि निक्षेपकर्ताले Premature गर्न चाहेमा Premature गरी फिर्ता लैजान सक्ने।

१०. मुद्दती निक्षेप खातामा बैंकिङ्ग प्रणालीवाट मात्र रकम जम्मा गर्नु पर्ने। उक्त रकम फिर्ता गर्नु परेको खण्डमा समेत बैंकिङ्ग प्रणाली मार्फत फिर्ता हुने।

११. संस्थागत विदेशी निक्षेपकर्ता तथा गैर आवासीय नेपालीहरुले न्यूनतम अमेरिकी डलर एक हजार वा सो बरावरको रकम निक्षेपको रुपमा जम्मा गर्न सक्ने।

**(ख)बचत निक्षेप सम्बन्धी ब्यवस्थाः**

नेपाल राष्ट्र वैंकवाट इजाजतपत्र प्राप्त "क" वर्गका बाणिज्य बैंक (सूचि संलग्न), राष्ट्रिय स्तरका "ख" वर्गका विकास वैंकहरु (सूचि संलग्न) मा देहायका शर्तहरु पालना हुने गरी परिवर्त्य विदेशी मुद्रामा बचत निक्षेप जम्मा गर्न र फिर्ता ल्याउन सकिने व्यवस्था भएकोले आफूलाई अनुकुल हुने बैंकमा सम्पर्क गरी विदेशी मुद्रामा खाता खोल्न सकिनेछः

**शर्तहरुः**

१. यस्तो निक्षेप खाता गैर आवासीय नेपाली तथा गैर आवासीय नेपालीवाट प्रबर्द्धित विदेशस्थित संस्थाको मात्र खोल्न/सञ्चालन गर्न सकिने।

२. गैर आवासीय नेपालीको नाममा संयुक्त रुपमा समेत यस प्रकारको खाता खोल्न सकिने।

३. गैर आवासीय नेपालीको नाममा खाता खोल्दा तथा सञ्चालन गर्दा देहाय वमोवजिमका कुनै एक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेः

नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
**2730 34TH PLACE N.W.**
**WASHINGTON, D.C. 20007**

क. नेपाल सरकारको सम्बन्धित निकायवाट जारी भएको गैर आवासीय नेपालीको अद्यावधिक परिचय पत्र,

ख. गैर आवासीय नेपाली संघवाट जारी भएको अद्यावधिक परिचय पत्र र सम्बन्धित व्यक्तिको राहदानी (स्वदेशी वा विदेशी)

ग. साविकमा स्वयं वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात,

माथि (क), (ख) वा (ग) मा उल्लेखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नावालकको नाममा समेत यस्तो खाता खोल्न वा सञ्चालन गर्न सकिनेछयस प्रकारको खाता परिवर्त्य विदेशी मुद्रा (अमेरिकी डलर, यूरो, पाउण्ड स्टर्लिङ, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, जापानिज येन र चीनियाँ युआन मध्ये कुनै मुद्रामा) मा खोल्न सकिने।

४. यस प्रकारको खातामा रकम जम्मा गर्दा अमेरिकी डलर एक हजार वा सो बरावरको परिवर्त्य विदेशी मुद्रा न्यूनतम मौज्दात कायम हुनु पर्ने।

५. यस्तो खातामा रहेको निक्षेप फिर्ता गर्नु पर्दा निक्षेपकर्ताले जम्मा गरेको मुद्रा र निक्षेप प्राप्त भएको देश फरक नपर्ने गरी निक्षेपकर्ताको विदेशमा खोलिएको खातामा फिर्ता पठाइने। तर त्यस्तो खाता खर्च गरी नेपाली नेपाली रुपैयामा भुक्तानी वा ट्रन्सफर गर्न यस ब्यवस्थाले बाधा नपर्ने।

६. यस्तो निक्षेप खातामा बैंकिङ्ग प्रणालीवाट मात्र रकम जम्मा गर्नु पर्ने। उक्त रकम फिर्ता गर्नु परेको खण्डमा समेत बैंकिङ्ग प्रणाली मार्फत फिर्ता गरिने।

यस सम्बन्धमा जिज्ञासा भए यस राजदूतावास वा नेपाल राष्ट्र बैंकको देहायको ठेगानामा सम्पर्क गर्न सकिनेछ।

नेपाली राजदूतावास, वाशिङ्गटन डि.सी.

इमेल:ec@nepalembassyusa.org
फोन: २०२-६६७-४५५० (Extention-0005)

नेपाल राष्ट्र बैंक,
FOREIGN EXCHANGE MANAGEMENT DEPARTMENT
Baluwatar, Kathmandu
इमेल:fxm@nrb.org.np
977-01-4412204
977 1 4414553

**नेपाली राजदूतावास**
**वाशिङ्गटन डि.सी.**
**मे १९, २०२२**

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org

(इ) साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात ।

माथि (अ), (आ) वा (इ) मा उल्लिखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नाबालकको नाममा समेत यस्तो खाता खोल्न तथा सञ्चालन गर्न सकिने छ ।

गैर-आवासीय नेपालीबाट प्रवर्द्धित विदेशस्थित संस्थाको खाता खोल्दा तथा सञ्चालन गर्दा माथि खण्ड (अ), (आ) वा (इ) मा उल्लिखित कागजातको प्रतिलिपि समेत लिनु पर्नेछ ।

८. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र १७/२०७८ को दफा ४ को शर्त नं. (ड) लाई देहायबमोजिम संशोधन गरिएको छ :

यस प्रकारको खातामा अमेरिकी डलर एक हजार वा सो बराबरको उपर्युक्त परिवर्त्य विदेशी मुद्रा न्यूनतम मौज्दात कायम हुनु पर्नेछ ।

९. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र २४/२०७८ मा देहायबमोजिम दफा १२ थप गरिएको छ :

विप्रेषण कारोबार गर्ने इजाजतपत्रप्राप्त कम्पनीहरुले विप्रेषण कारोबारमा लाग्ने सेवा शुल्क लगायत विनिमय दरसम्बन्धी विवरणलाई आ-आफ्नो वेवसाइटमार्फत् प्रकाशन एवम् अद्यावधिक गर्नु पर्नेछ ।

भवदीय,

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६. श्री नेपाल वित्तीय संस्था संघ ।
१७. श्री नेपाल रेमिटर्स एशोसिएसन ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : २१/२०७८-७९ | मिति: २०७८/११/१८

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।**
**श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र अन्य निकायहरु ।**

विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा देहायवमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र: ०१/२०७८ को दफा १.३.१ को व्यवस्थालाई खारेज गरिएको छ ।**

**२. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र: ०१/२०७८ को दफा १.११.१ को खण्ड (च) लाई देहायबमोजिम संशोधन गरिएको छ :**

क्रेडिट सुविधा अन्तर्गत वा उधारोमा आयात हुने मालसामानको हकमा **समेत वि.वि.नि. फा.नं. ४(ग) जारी गर्नु पर्नेछ र खण्ड (क) बमोजिमको धरौटी लिनु पर्नेछ** । त्यस्तो आयातको भुक्तानी गर्दा कागजात अनुरूपका मालसामान आयात भई सकेको र पछि भुक्तानी गर्नु पर्ने व्यहोरा प्रमाणित हुने देहायका कागजातहरूको आधारमा ड्राफ्ट/टी.टी.को माध्यमबाट सम्वन्धित निर्यातकर्ताको नाममा भुक्तानी हुने गरी सटही दिन सकिनेछ :

(१) भुक्तानीको शर्त उल्लेख भएको वा उधारो बिक्री गरेको पुष्टि हुने क्रेडिट विल बीजक,
(२) सामान ढुवानी भएको पुष्टि हुने ढुवानी सम्वन्धी कागजात,
(३) आयात भएको पुष्टि हुने भन्सार प्रज्ञापनपत्र,
(४) राजस्व तिरेको रसिद,
(५) ९० दिनपछि भुक्तानी हुने भएमा सम्वन्धित पक्षले बिल बीजक नं. र रकम समेत उल्लेख गरी भुक्तानी दावि गरेको पत्र,
**(६) भन्सार कार्यालयबाट दरपीठ भएको वि.वि.नि. फा.नं. ४(ग) ।**

यसरी सटही प्रदान गरेपछि प्रज्ञापनपत्र र राजस्व तिरेको रसिद लगायतका सक्कल कागजातहरूमा सटही प्रदान गरेको व्यहोरा दरपीठ गरी बैंक/वित्तीय संस्थाको छाप लगाई सो कागजातका प्रतिलिपिहरू सुरक्षित राख्नु पर्नेछ ।

**३. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र: ०१/२०७८ को अनुसूची १० मा उल्लिखित देहायबमोजिमको खण्डहरुलाई देहायबमोजिम संशोधन गरिएको छ :**

विषय :- प्रतीतपत्र, ड्राफ्ट, टी.टी. **वा क्रेडिट अन्तर्गतको** सटही सुविधा (भा.रू.) ।
निवेदनको व्यहोरा:
निम्न विवरण बमोजिमको सामानको पैठारीको लागि मेसर्स.................... लाई यस बैंक/वित्तीय संस्थाबाट निम्नानुसारको भा.रू. प्रतीतपत्र, ड्राफ्ट, टी.टी. **संकेत** नम्बर........बाट प्रदान गरिएको/ **क्रेडिट सुविधा अन्तर्गत आयात भएको** व्यहोरा प्रमाणित गरिएको छ ।
तालिकाको अन्तिम कोलमको शीर्षक: सटही लिएको/**क्रेडिट सुविधा अन्तर्गतको** कुल भा.रु. रकम ।

**List of Banks and Financial Institutions as of Mid July, 2020 (Licensed by NRB) Class: "A" (Commercial Banks)**

| S.N. | Name | Operation Date (A.D.) | Head Office | Working Area |
|---|---|---|---|---|
| 1. | Nepal Bank Ltd. | 1937/11/15 | Dharmapath,Kathmandu | National Level |
| 2. | Agriculture Development Bank Ltd. | 1968/01/21 | Ramshahpath, Kathmandu | National Level |
| 3. | Nabil Bank Ltd. | 1984/07/12 | Beena Marg, Kathmandu | National Level |
| 4. | Nepal Investment Bank Ltd. | 1986/03/09 | Durbarmarg, Kathmandu | National Level |
| 5. | Standard Chartered Bank Nepal Ltd. | 1987/02/28 | Nayabaneshwor, Kathmandu | National Level |
| 6. | Himalayan Bank Ltd. | 1993/01/18 | Kamaladi, Kathmandu | National Level |
| 7. | Nepal SBI Bank Ltd. | 1993/07/07 | Kesharmahal, Kathmandu | National Level |
| 8. | Nepal Bangaladesh Bank Ltd. | 1994/06/06 | Kamaladi, Kathmandu | National Level |
| 9. | Everest Bank Ltd. | 1994/10/18 | Lazimpat , Kathmandu | National Level |
| 10. | Kumari Bank Ltd. | 2001/04/03 | Durbarmarg, Kathmandu | National Level |
| 11. | Laxmi Bank Ltd. | 2002/04/03 | Hattisar, Kathmandu | National Level |
| 12. | Citizens Bank International Ltd. | 2007/04/20 | Narayanhitipath, Kathmandu | National Level |
| 13. | Prime Commercial Bank Ltd. | 2007/09/24 | Kamalpokhari, Kathmandu | National Level |
| 14. | Sunrise Bank Ltd. | 2007/10/12 | Gairidhara, Kathmandu | National Level |
| 15. | Century Commercial Bank Ltd. | 2011/03/10 | Putalisadak , Kathmandu | National Level |
| 16. | Sanima Bank Ltd. | 2012/02/15 | Nagpokhari, Kathmandu | National Level |
| 17. | Machhapuchhre Bank Ltd. | 2012/07/09* | 17 Lazimpat , Kathmandu | National Level |
| 18. | NIC Asia Bank Ltd. | 2013/06/30* | Thapathali, Kathmandu | National Level |
| 19. | Global IME Bank Ltd. | 2019/09/04* | Kamaladi, Kathmandu | National Level |
| 20. | NMB Bank Ltd. | 2019/09/28* | Babarmahal, Kathmandu | National Level |
| 21. | Prabhu Bank Ltd. | 2016/2/12* | Babarmahal, Kathmandu | National Level |
| 22. | Siddhartha Bank Ltd. | 2016/7/21* | Hattisar, Kathmandu | National Level |

| | | | | |
|---|---|---|---|---|
| 23. | Bank of Kathmandu Ltd. | 2016/7/14* | Kamalpokhari, Kathmandu | National Level |
| 24. | Civil Bank Ltd. | 2016/10/17* | Kamaladi, Kathmandu | National Level |
| 25. | Nepal Credit and Commerce Bank Ltd. | 2017/01/01* | Bagbazar, Kathmandu | National Level |
| 26. | Rastriya Banijya Bank Ltd. | 2018/05/02* | Singhadurbarplaza,Kathmandu | National Level |
| 27. | Mega Bank Nepal Ltd. | 2018/05/13* | Kamaladi, Kathmandu | National Level |

*Joint operation date after merger.

Paid-up capital based on the financial statement of Mid Jul, 2020

**Class: "B" (Development Banks)**

| S.N. | Name | Operation Date (A.D.) | Head Office | Working Area |
|---|---|---|---|---|
| 1. | Sangrila Development Bank Ltd. | 2014/07/13* | Baluwatar, Kathmandu | National Level |
| 2. | Shine Resunga Development Bank Ltd. | 2013/03/17* | Butawal, Rupandehi | National Level |
| 3. | Jyoti Bikas Bank Ltd. | 2016/08/12* | Kamaladi, Kathmandu | National Level |
| 4. | Garima Bikas Bank Ltd. | 2016/09/20* | Lazimpat, Kathmandu | National Level |
| 5. | Mahalaxmi Bikas Bank Ltd. | 2017/7/2* | Durbar Marg, Kathmandu | National Level |
| 6. | Lumbini Bikas Bank Ltd. | 2017/7/9* | Dillibazar, Kathmandu | National Level |
| 7. | Kamana Sewa Bikas Bank Ltd. | 2017/8/4* | Gyaneshwor, Kathmandu | National Level |

*Joint operation date after merger.

Paid-up capital based on the financial statement of Mid Jul, 2020